स्थानीय सरकार
पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल

विषयः पत्रु सम्पती तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१८

मिति २०८२/०५/२४ गते जेन जी आन्दोलनको क्रममा भएको आगजनी, तोडफोडबाट यस कार्यालयको भौतिक संरचना, सवारी साधन, मेशिनरी औजार तथा कार्यालयका अन्य सम्पत्तिमा गम्भीर क्षति भई पुनः प्रयोग गर्न नसकिने भएको हकमा भौतिक संरचना, सवारी तथा अन्य साधन, मेशिनरी औजार उपकरण र सफ्टवेयर, फर्निचर आदिको मिनाहा गर्ने गरी २०८२/०६/०५ को मन्त्रिपरिषदको निर्णय र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिमको मिनाहा समितिबाट यस कार्यालयमा क्षति भएको र पुनः प्रयोग गर्न नमिल्ने जिन्सी तथा सम्पत्तिको मिनाहाको लागि सिफारिस भई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ बमोजिमको मूल्याङ्कन समितिबाट सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम लिलाम बिक्री मूल्य कायम गरी कार्यालयमा पेश भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ बमोजिमको मिनाहा समितिको मिति २०८३/०१/१० गतेको निर्णय/सिफारिस बमोजिम यस कार्यालयको परिसरमा रहेका जेन जी आन्दोलनको क्रममा आगजनी र तोडफोड भएका यस कार्यालयको पत्रु सम्पत्ति तथा जिन्सी मालसामानको पहिलो पटक लिलाम हुने भएकोले लिलाम कबोल गरी लिलाम सकार गर्न चाहने सम्बन्धित सबैको जानकारीको लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८(१)(ख) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरूः

१. इच्छुक बोलपत्रदाताले मिति २०८३/०८/०८ गते दिनको ४:०० बजेसम्ममा पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको राजस्व शाखामा वा तोकिएको बैंकमा रु. १,०००/- (फिर्ता नहुने गरी) जम्मा गरेको रसिद/भौचर राखी सम्पती व्यवस्थापन उपशाखाबाट बोलपत्र कागजातपत्र खरिद गर्न सकिनेछ।

२. बोलपत्रदाताले मिति २०८३/०८/०९ गते दिउँसो १२:०० बजेसम्ममा बोलपत्र कागजातमा तोकिए बमोजिमको विवरणहरू भरी अध्यावधिक फर्म/कम्पनीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (आ.व. २०८२/०८३ को करचुक्ता वा म्याद थप समेत) सिलवन्दीमा संलग्न राखी यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३. सि नं. २ बमोजिम रीतपूर्वक पेस भएका बोलपत्र दाताहरूको बोलपत्र मिति २०८३/०८/०९ गते दिनको २:०० बजे बोलपत्र दाताहरूको उपस्थितिमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट पेश भएका सिलबन्दी बोलपत्र खोलिनेछ।

४. मिनाहा मूल्याङ्कन समितिको अन्तिम बैठकबाट कायम भएको न्यूनतम मूल्य भ्याट बाहेक रु. ४,८८,२६०/- (चार लाख अठासी हजार दुई सय साठी रुपैयाँ मात्र) लाई न्यूनतम कबोल अङ्क कायम गरिएको छ।

५. बोलपत्र दाताले आफूले कबोल गरेको मू.अ.कर बाहेकको अङ्कको १० (दस) प्रतिशतले हुन आउने रकम बोलपत्र जमानत बापत सिलवन्दी कबोलपत्रसँगै तोकिएको बैंकको धरौटी खातामा दाखिला गरी बैक भौचर वा बैक जमानत पेस गर्नु पर्नेछ।

६. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकार गरिनेछ।

७. कबोल गरेको पूरा रकम (भ्याट समेत) जम्मा नगरेसम्म सकार सामान उठाई लैजान पाइने छैन। बोलकबोलको सम्पूर्ण रकम जम्मा गरी सम्झौता गरेको मितिले ३० दिनभित्र सकार सामानहरू उठाई लगिसक्नु पर्नेछ।

८. कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

९. कबोल रकममा कुनै छुट सुविधा उपलब्ध गराइने छैन।

१०. इच्छुक फर्म/कम्पनीले लिलाम हुने मालसामानहरू हेर्न चाहेमा कार्यालय समयमा पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ। लिलाम हुने मालसामानहरूको एकमुष्ठ रूपमा बोलकबोल गर्नुपर्नेछ ।

११. बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताले नाम, थर, ठेगाना र सम्पर्क मोबाइल नम्बरसमेत खुलाई पेस गर्नु पर्नेछ ।

१२. रीत नपुगेका वा म्याद नाघी आएको तथा न्यूनतम मूल्यभन्दा घटी अङ्कित भएको वा शर्तसहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. लिलाम सम्बन्धमा थप बुझ्नुपर्ने भए यस कार्यालयको प्रशासन शाखा वा सम्पती व्यवस्थापन उपशाखामा सम्पर्क राख्नुहोला ।

१५. सम्झौता गर्न नआएमा वा सम्झौता शर्त पालना नगरेमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. बोलपत्र खरिद तथा धरौटीकोको लागि पथरी शनिश्चरे नगरपालिकाकको राष्ट्रिय वाणिज्य बैङ्क पथरी शाखामा रहेको
बैङ्क खाता नं.: २५६०१००३०१०१०००२ बोलपत्र खरिदका लागि
बैङ्क खाता नं.: २५६०१००३०३०००००२ धरौटी रकम दाखिलाको लागि

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत